# कुश्मा नगरपालिका कार्यालय

## कुश्मा, पर्वत

पत्र संख्या : २०७३/०७४ मिति : २०७३/०५/१०

चलानी नं. :

### प्रेस बिज्ञप्ती

हिजो मिति २०७३ साल भदौ ९ गते कुश्मा नगरपालिका वडा नं. ७ को वडा नागरिक मञ्च पुनर्गठन गर्नका लागि बोलाइएको वडा भेलामा कुश्मा नगरपालिका वडा नं. ७ निवासी काफलचौर उच्च मा.वि. का शिक्षक श्री धन गिरीले नगरपालिकाका कर्मचारीहरुलाई हात हालेको घटना एवं घटनालाई अतिरञ्जित बनाउने उद्देश्यले सुचना केन्द्र डट कम नामक अनलाइन पत्रिकाले **कुश्मा नगरपालिकाका हाकिम चण्डिका पौडेललाई स्थानीयले पिटे प्रहरी भन्छ अनुसन्धान हुँदैछ** भन्ने शिर्षकमा समाचार प्रकाशन गरेको प्रति कुश्मा नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षक जस्तो सम्मानित पेशामा आवद्ध भएको व्यक्तिले यो हदसम्मको निच हर्कत देखाउनु गम्भीर सामाजिक अपराध हो । कानुनको शासनको वर्खिलाप सामाजिक अराजकता ल्याउन खोज्ने जोकोहीलाई कानुनको दायरामा ल्याई सजायको भागीदार बनाउन कुश्मा नगरपालिकाले कुनै कसर बाँकी राख्ने छैन ।

प्रस्तुत घटनालाई अतिरञ्जित बनाउने उद्देश्यले सुचना केन्द्र डट कम नामक अनलाइन पत्रिकाले **कुश्मा नगरपालिकाका हाकिम चण्डिका पौडेललाई स्थानीयले पिटे प्रहरी भन्छ अनुसन्धान हुँदैछ** भन्ने शिर्षकमा समाचार प्रकाशन गरेको घटना पनि अर्को गम्भिर सामाजिक अपराध हो । एकाध व्यक्तिले गरेको आपराधिक क्रियाकलापलाई लिएर सबै स्थानीय जनतालाई मुछ्री बहुबचनको प्रयोग गर्दै स्थानीयले पिटे भनी समाचार प्रकाशन गर्नु निश्चय पनि निराधार, कपोलकल्पित र भ्रामक विषय हो । यो भ्रम फिँजाउन खोज्ने सुचना केन्द्र डट कम नामक अनलाइन पत्रिकालाई पनि प्रचलित कानुन बमोजिम सजायको भागीदार बनाउनुपर्ने देखिन्छ ।

आम नगरबासीले हामीलाई पिट्ने सम्मको हर्कत गर्ने कुरा हामी कल्पना सम्म पनि गर्न सक्दैनौ । कुश्मा नगरपालिकाबासी नागरिक र नगरपालिकाका कार्यकारी अधिकृत सहित सम्पूर्ण कर्मचारीहरुको सुमधुर सम्बन्ध रहेको छ । जनता र स्थानीय सरकारबीचको यो सुमधुर सम्बन्धलाई विचलित तुल्याउने अभिप्राय कोही कसैले राख्यो भने निश्चय पनि त्यो क्षमा योग्य हुन सक्ने छैन । आपराधिक क्रियाकलाप गर्ने जोकोहीलाई कुनै पनि बहानामा कसैले कारवाहीको दायराबाट उम्काउन खोज्नु हुँदैन । कानुनको शासन स्थापित गर्ने कुरामा कुश्मा नगरपालिका दृढ संकल्पित छ । सवै नगरबासीहरुको जय होस ।

...............

चण्डिका पौडेल

कार्यकारी अधिकृत